# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०२।१० गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला सूर्खेत भेरीगंगा नगरपालिका वडा नं. १२ छिन्चु स्वास्थ्य चौकीका इन्चार्ज नेत्र बहादुर देवकोटा र व्यवस्थापन समितिका अध्यक्ष हरि प्रसाद कडेलले आपसी मिलेमतोमा उक्त स्वास्थ्य चौकीबाट निशुल्क रुपमा पाउनुपर्ने सेवा, सुविधा र औषधी सेवाग्राहीलाई उपलब्ध नगराई बिल बनाई पैसा असुल्ने तथा सामानहरू खरिद गर्दा नक्कली बिल भरपाई प्रयोग गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजहरुले उक्त स्वास्थ्य चौकीबाट निशुल्क रुपमा पाउनुपर्ने सेवासुविधा र औषधी सेवाग्राहीलाई उपलब्ध नगराई नक्कली तथा फर्जी बिल भरपाईको आधारमा रु.५०,५८०/- (पचास हजार पाँच सय असी) भुक्तानी लिई नेपाल सरकारलाई हानि नोक्सानी पुर्‍याएको तथ्य पुष्टि भएकोले निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) द्वारा परिभाषित कसुर गरेको देखिएकोले निजहरूलाई बिगो रु. ५०,५८०/- (पचास हजार पाँच सय असी) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल उपर गरी कसुरको मात्रा अनुसार जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(काली प्रसाद पराजुली)
सह-सचिव